जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ३०१ २०७९ साल असार ३० गते बिहीबार (14 July 2022 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,


त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : गृह प्रशासनमा आधुनिक.. ३ पृष्ठमा : असार ३० मा उपसभामुख... ३ पृष्ठमा : श्रीलङ्काका राष्ट्रपति माल्दिभ्समा,...

# राजविराज नगरपालिकाका मेयर निलम्बित

## मेयर, तत्कालिन खेलकुद विकास समतिका अध्यक्षसहित सात जनामाथी अख्तियारद्वारा विशेष अदालतमा आरोप पत्र दायर



**भिमराज यादव**
**मेयर**
**राजविराज नगरपालिका**



**एजेट न्यासुर, तत्कालिन अध्यक्ष, खेलकुद विकास समिति, सप्तरी**



**धिरेन्द्र बर्मा, तत्कालिन उपाअध्यक्ष, खेलकुद विकास समिति, सप्तरी**



**महेन्द्र प्रसा यादव, तत्कालिन प्रमुख, खेलकुद विकास समिति, सप्तरी**



**लक्ष्मण मण्डल, तत्कालिन प्रमुख, खेलकुद विकास समिति, सप्तरी**



**विकाश श्रेष्ठ, तत्कालिन इन्जिनियर, जिविस, सप्तरी**



**उदय श्रेष्ठ, उदय निर्माण सेवाका संचालक**

**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजविराज नगरपालिकाका मेयर भिमराज यादवसहित सात जनामाथी विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

निर्माण कार्यमा अनियमितता गरेको दाबी गर्दै बुधबार अख्तियारले उक्त आरोप पत्र दायर गरेको हो ।

आरोप पत्र दायर भएसँगै मेयर यादव निलम्बनमा परेका छन् । गत जेठ ९ गते पदभार ग्रहण गरेको एक महिना २१ दिन नबित्दै भ्रष्टाचारको आरोप लागेका मेयर यादव निलम्बनमा परेका हुन् ।

आयोगका प्रवक्ता श्याम प्रसाद भण्डारीद्वारा बुधबार साँझ नै जारि प्रेस विज्ञप्तिमा राजरंगशाला स्तरोन्ती कार्यका लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र न्यू गहिल कन्स्ट्रक्सनबीच सम्झौता भएको थियो ।

आर्थिक वर्ष २०७४/२०७५ मा सो कन्स्ट्रक्सनका संचालक समेत रहेका नगर प्रमुख यादवले राजविराजस्थित राजरंगशालाको स्तरोन्नती कार्यमा भ्रष्टाचार गरेको आयोगको दाबी छ । उक्त निर्माण कम्पनीका संचालक रहेका यादवले निर्धारित शर्त तथा मापदण्ड (स्पेसिफिकेशन) विपरित कार्य गरि त्यस्तो कार्यलाई शर्त तथा मापदण्ड बमोजिम नै भएको भनि प्रमाणित र स्विकृत गराई २ लाख ६३ हजार ४ सय ६८ रुँपैया ४० पैसा बढी भुक्तानी लिएको आयोगको आरोपपत्रमा उल्लेख छ ।

यस्तै आयोगले उक्त प्रकरणमा तत्कालिन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष एजेट न्यासुरले रंगशालाको स्तरोन्नती कार्यमा १३ लाख २७ हजार ४ सय ३०, उपाध्यक्ष धिरेन्द्र बर्मा धिरुले २ लाख, जिल्ला खेलकुद विकास समितिका तत्कालिन प्रमुखहरु लक्ष्मण मण्डलले ५ लाख ६९ हजार ८ सय तथा महेन्द्र प्रसाद यादवले ५ लाख ६९ हजार ८ सय १० रुँपैया अनियमितता गरेको दाबी गर्दै सोही अनुसारको कैद सजाय र जरिवानाको माग गरेको छ ।

त्यस्तै उक्त निर्माण कार्यमा प्राविधिकका रुपमा खटिएका तत्कालिन जिल्ला विकास समिति सप्तरीका इन्जिनियर विकास श्रेष्ठले १३ लाख २७ हजार ४ सय ३० र उदय निर्माण सेवाका संचालक उदय श्रेष्ठले १० लाख ६३ हजार ९ सय ६२ रुँपैयाको अनियमितता गरेको दाबी गर्दै आयोगले आरोप पत्रमार्फत निजहरुलाई पनि सोही ऐन बमोजिम कैद र जरिवानाको माग दाबी गरेको छ ।

आयोगद्वारा छानबिनको क्रममा अनियमितता गरेको पाइएकाले निजहरुमाथी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) बमोजिमको कैद र जरिवाना हुनु पर्ने माग दाबी गरिएको छ ।

# ऐतिहासिक पुस्तकालयको भविष्य अन्यौलमा



*फायल तस्बिर*

**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

राजविराज ७ स्थित लेखनाथ आदर्श पुस्तकालयको अस्तित्व समाप्त भएपछि यसलाई पुर्नजीवन दिने अभियान सुरु भएको छ ।

बि.स. २०७२ सालदेखि पूर्णरुपमा बन्द रहेको उक्त पुस्तकालयलाई पुनःसंचालनमा ल्याउन स्थानिय महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसका उपप्रध्यापक सुरेन्द्र प्रसाद गुप्ताले अभियान थालेका हुन् । संचारकर्मी तथा साहित्यकर्मी समेत रहेका गुप्ताले समाजिक सञ्जालमार्फत पहल थालेपछि विभिन्न क्षेत्रबाट सहयोगको प्रतिबद्धता आउन थालेको हो ।

बि.स. २०१६ सालमा स्थापित सप्तरी कै पुरानो मध्येका एक आदर्श पुस्तकालय तत्कालिन वडा हाकिम बद्री बिक्रम थापाको विशेष पहलमा राजविराज ७ मा स्थापना भएको थियो ।

पुस्तकालयको जिर्ण भवनलाई भत्काएर नयाँ संरचना निर्माण गरिए पनी पुस्तकालयका लागी आवश्यक कोठाको व्यवस्था नगरी ब्यापारिक प्रयोजनका लागी सटरहरु निर्माण हुदाँ पुस्तकालय लोप हुने अवस्थामा पुगेको गुप्ताको भनाई छ । पुस्तकालयमा रहेका अधिकांश फर्निचर र पुस्तक नष्ट भई सकेका छन् ।

उनका अनुसार सामाजिक सञ्जाल मार्फत अभियान चलाएपछि हाल काम विषेशले जिल्ला बाहिर रहेका राजविराज निवासी आनन्द मिश्रले १५ हजार देखी २० हजार सम्मको संख्यामा विश्वका उत्कृष्ट पुस्तकहरु

***बाँकी अन्तिम पृष्ठमा***

# राजविराज नगरपालिकाको चरम लापरवाही

## महिला स्वयसेविकाले पाउने प्रोत्साहन भत्ताको छैन बजेट



**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

जनप्रतिनीधी र कर्मचारीको चरम लापरवाहीका कारण राजविराज नगरपालिकाका १ सय ३ महिला स्वास्थ्य स्वयसेविकाहरु एक वर्षको प्रोत्साहन भत्ता पाउनबाट बञ्चित भएका छन् ।

प्रति वर्ष मासिक २ हजारका दरले आर्थिक वर्षको अन्त्य तीर एकमुष्ट २४ हजार पाउनु पर्ने प्रोत्साहन भत्ता अघिल्लो कार्यपालिका र जिम्मेवार कर्मचारीले बजेट बिनियोजन नै नगरिदिएपछि राजविराज नगरपालिका कार्यरत महिला स्वास्थ्य स्वयसेविकाहरु प्रोत्साहन भत्ताबाट बञ्चित हुन पुगेका हुन ।

उनीहरुले बुधवार राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र प्रसाद यादवलाई भेटेर सो भत्ता उपलब्ध गराउन माग गरेका छन ।

राजविराज नगरपालिकाको १६ वटै वडामा गरी १ सय ३ महिला स्वास्थ्य स्वयसेविकाहरु कार्यरत छन । महिला स्वास्थ्य स्वयंसेविका निर्मला पोखरेलले २०७८ साउन देखी २०७९ असार

***बाँकी अन्तिम पृष्ठमा***

# गृह प्रशासनमा आधुनिक प्रविधिको प्रयोगदेखि आपराध नियन्त्रणका नयाँ योजनासम्म

**नारायण ढुङ्गाना**
काठमाडौं, २९ असार (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको वर्तमान गठबन्धन सरकार गठन भएको ठिक एक वर्ष पूरा भएको छ। सरकारले एक वर्षमा विगतमा अपनाइएका राम्रा कार्ययोजनालाई निरन्तरता दिँदै आवश्यकताका आधारमा नयाँ नीति, योजना तयार पारी लागू गरेको छ। सरकारले गृहप्रशासन सुधार गर्दै शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न तथा अपराधका नयाँ शैलीका चुनौती सामना गर्न प्रविधिको प्रयोग र दक्ष सुरक्षा जनशक्तिको विकासमा जोड दिएको छ।

गृहमन्त्री बालकृष्ण खाणले गृहप्रशासन सुधारदेखि अपराध नियन्त्रणसम्म आधुनिक प्रविधिको प्रयोग बढाउँदै नयाँनयाँ आपराधिक चुनौती सामनाका लागि दक्ष जनशक्ति तयार पार्ने कार्यतर्फ सरकारले ध्यान दिएको बताउनुभएको छ। प्रविधिको विकाससँग नयाँ खालका आपराधिक क्रियाकलाप मुलुकमा देखिन थालेको छ। विदेशमा बसेरै नेपालमा आपराधिक गतिविधि सञ्चालन भएका पाइएको छ भने सामाजिक सञ्जालको दुरुपयोगबाट हुने आपराधिक क्रियाकलाप चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा सरकारको ध्यानाकर्षणसमेत भएको छ।

नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताथ सिंह पनि नयाँ आपराधिक चुनौती खडा भएकाले सोही अनुसार सुरक्षा योजना अघि बढाउनुपर्ने आवश्यकता स्वीकार गर्नुहुन्छ। प्रहरी प्रधान कार्यालयका अनुसार आवश्यक स्रोत, साधन, जनशक्ति र प्रविधिको प्रयोगबाट सुरक्षा व्यवस्थापन गरिएको छ। हरेक क्षेत्रमा प्रविधिको विकासलाई जोड दिएसँगै गृह प्रशासनमा पनि लागू गरेको छ।

अधिकांश नागरिक सेवामा जोडिने गृह प्रशासनको सेवा/सुविधा चुस्त, भरपर्दो र नागरिक तथा प्रविधिमैत्री हुनुपर्ने आवश्यकता अनुरुप मन्त्रालयले प्रविधिको उच्चतम प्रयोग बढाएको छ। राष्ट्रिय महत्वका कार्यक्रम तथा विशिष्ट व्यक्तिको भ्रमणलाई भयरहित रूपमा सम्पन्न गर्न गृहप्रशासनको महत्वपूर्ण भूमिका हुन्छ। सीमित स्रोत र साधनको बाबजुद गत वैशाख ३० मा एकै पटक सम्पन्न स्थानीय तहको निर्वाचन सुरक्षित र भयरहित वातावरणमा सम्पन्न हुनु महत्वपूर्ण उपलब्धिको रूपमा रहेको छ।

खुला कारागार नियमावली, कारागारका कैदीबन्दीलाई कामदारी सुविधा दिने सम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा, आगामी वर्षदेखि कैदी बन्दीको बीमा कार्यक्रम लागू गर्नेलगायतका महत्वपूर्ण योजना मन्त्रालयले अघि बढाएको छ। लागूऔष्ध नियन्त्रण, आपराधिक गतिविधि नियन्त्रणदेखि तल्लोतहका प्रहरी कर्मचारीको सेवा सुविधाका साथै नयाँ पदसमेत सिर्जना गरी मन्त्रालयले मातहतका निकायको अभिभावकत्व ग्रहण गर्न सफल भएको पाइएको छ।

विपद् व्यवस्थापनदेखि, पर्यटकको सुरक्षा, कानुन तथा फैसला कार्यान्वयनमासमेत महत्वपूर्ण उपलब्धि हासिल भएको छ। कतिपय कानुन, निर्देशिक निर्माण र भइरहेका कानुन समयानुकुल संशोधनमा सरकारको ध्यान गएको छ। आफ्नै तौरतरिकामा सञ्चालन हुँदै आएका उपचार तथा पुनःस्थापन केन्द्रलाई गृहमन्त्रालयमा आवद्ध गराएको छ। मन्त्रालयको लागूऔषध शाखासँग आवद्ध नभएका लागूऔषध प्रयोगकर्ताको लागि सञ्चालित १९५ उपचार तथा पुनःस्थापना केन्द्र मन्त्रालयमा आवद्ध गरिएकोछ।

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १३ मा भएको व्यवस्थाको अधिनमा रही नेपाल सरकारको निर्णयानुसार कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना गरी कार्य अघि बढाइएको छ। गृह प्रशासन सुधार कार्ययोजना,२०७८ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको र एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा तयार गरी अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइएको छ।

**लागूऔषध नियन्त्रणमा भएका कार्य**

मन्त्रालयले लागूऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम लागूऔषध नियन्त्रण शाखाका प्रमुख र ७७ ओटै जिल्ला प्रशासन कार्यालयका एक-एक सहायक प्रजिअलाई लागूऔषध नियन्त्रण अधिकारी' तोकेर आवश्यक कार्य गर्दै आएको छ। लागू औषध प्रयोगकर्ताको लागि सञ्चालित ३८ उपचार तथा पुनःस्थापना केन्द्र र १२ मौखिक उपचार प्रतिस्थापन केन्द्र अनुगमन गरी गुणस्तर एवं मापदण्डको पालना सुनिश्चित गराउने वातावरण सिर्जना गराइएको छ। लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा गरी जारी गरिएको छ।

गाँजा तथा गाँजाजन्य पदार्थको औषधिजन्य उपयोगका लागि गृह मन्त्रालयबाट अवधारणापत्र तयार भई अर्थ मन्त्रालयको सहमति लिई राय सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत कानुन आयोगबाट अध्ययन भइरहेको छ। लागूऔषध नियन्त्रण तथा कारबाहीतर्फ पाँच हजार १६७ अभियुक्त पक्राउ गरी कानुनी दायरामा ल्याइएको र एक लाख ६७ हजार १०३ लागूऔषध टचाप्लेट, नौ हजार ८०७ एम्पुल लागूऔषध तथा कोरेक्स ९,८०७ र ९ हजार ९९६ किलोग्राम चरेशलगायतका लागूऔषध बरामद गरी नष्ट गरिएको।

**गृहप्रशासन सुधारको प्रयास**

गृह प्रशासन सुधार कार्ययोजना,२०७८ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको र एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा तयार गरी अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइएको छ। भारतीय अनुदान सहयोगमा काभ्रेपलाञ्चोकको पनौतीमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवनलगायतका पूर्वाधार निर्माण गर्ने सम्बन्धमा मन्त्रिपरिषदबाट स्वीकृति लिई खरिद प्रक्रिया अगाडि बढाइएको तथा मन्त्रालय र अन्तर्गत निकायको राष्ट्रिय आयोजना बैंकमा समावेश गर्नुपर्ने आयोजनालाई आयोजना बैंकमा सुचीकरण गरिएको छ।

मन्त्रालयअन्तर्गतको बजेट प्रणालीमा रहेको त्रुटीलाई आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको सिलसिलामा नदोहोरिने गरी न्यूनीकरण गरिएको तथा औचित्यका आधारमा राष्ट्रिय योजना आयोगबाट मन्त्रालय र मातहतलाई प्राप्त सिलिङभन्दा करिब १७ अर्ब बढीको बजेट कायम भएको जनाइएको छ।

आगामी आर्थिक वर्षका लागि गृहसचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली अवलम्बन गरिएको छ। सरकारले कैदीबन्दीले पाइरहेको सिदामा ३३% वृद्धि गर्ने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकोले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी कैदी बन्दीको सुविधा वृद्धि गर्ने गरी कारागार नियमावलीमा संशोधन प्रक्रिया अगाडि बढाइएको छ।

त्यस्तै मन्त्रालयले हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन गरिसकेको छ। प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन गरिएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन भएको छ भने फौजदारी कसूर (कैद कट्टा) (दोस्रो संशोधन) नियमावली, २०७८ को संशोधनका लागि मन्त्रिपरिषदमा प्रस्ताव पठाइएको छ। प्रहरी ( दशौं संशोधन) नियमावली, २०७८ संशोधन गरी राजपत्रमा प्रकाशन भएको तथा नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय ) ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्बाट पास भएको छ।

सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक सङ्घीय संसद्बाट पास भएको, केही नेपाल ऐनमा संशोधन गर्न बनेको विधेयक तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको एवं तेजाव तथा अन्य घातक रासायनिक पदार्थ नियमन गर्न बनेको विधेयक सङ्घीय संसद्बाट पास भएको र सशस्त्र प्रहरी (दोस्रो संशोधन) नियमावली,२०५९ मस्यौदा उपर लोकसेवा आयोगको परामर्शका लागि पठाइएको छ।

**सुरक्षा व्यवस्थापन तथा संरचनागत विकास**

मन्त्रिपरिषद्को निर्णयले नेपाल प्रहरी कर्मचारीको रासन दररेटमा १५ प्रतिशत वृद्दि गरी रासन बापतको नगद रकम उपलब्ध गराइएको छ। प्रहरी प्रधान कार्यालय, सञ्चार निर्देशनालयमा कायम रहेको प्राविधिकतर्फको प्राविधिक प्रहरी नायब महानिरीक्षकको एक दरबन्दीलाई जनपदतर्फको नेपाल प्रहरी प्रधान कार्यालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा महाशाखामा स्थानान्तरण गरी निर्देशनालयमा स्तरोन्नति गरिएको छ। नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८ मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ।

सुरक्षाकर्मीको मनोबल उच्च बनाउन राजपत्र अनङकित तहका प्रहरी कर्मचारीको अवधिक रूपमा बढुवा हुने गरी कानुनी प्रबन्ध गरी करिब २२ हजारको सङ्ख्यामा एकै पटक बढुवा हुनु महत्वपूर्ण रहेको छ। सुरक्षाकर्मीको मनोबल थप उच्च बनाउन, उच्च क्षमताका युवाशक्तिलाई सेवामा आकर्षित गर्न र टिकाउन दुवै प्रहरी सङ्गठनमा समसामयिक सुधार गर्दै लगिएको तथा २० वर्ष पुगेपछि निवृत्तिभरण पाउने गरी १६ र १८ वर्षमा अवकाश रोज्न पाउने जुनियर तहका प्रहरी कर्मचारीलाई अवसर प्रदान गर्न आवश्यक कानुन संशोधनको प्रक्रियामा रहेको छ।

नेपाल प्रहरी केन्द्रीय विधिविज्ञान प्रयोगशाला सञ्चालन निर्देशिका, २०७९ को अन्तिम मस्यौदा तयार भएको र प्रहरी चारित्रिक प्रमाणपत्र वितरणसम्बन्धी निर्देशिका, २०७९ को अन्तिम मस्यौदा तयार गरिएको छ। प्रहरी कर्मचारीको वृत्ति विकास एवं सुविधा तथा सशस्त्र द्वन्द्वको समयमा घाइते, अशक्त, ज्यान गुमाएका प्रहरी कर्मचारी र प्रहरी कर्मचारीका परिवारलाई उपलब्ध गराउने सेवा सुविधा एवं वृत्ति विकासका विषयलाई समावेश गरी नेपाल प्रहरी नियमावली, २०७१ र सशस्त्र प्रहरी नियमावली, २०७२ संशोधनको लागि अन्तिम मस्यौदा तयार भएको छ।

सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा रहेको छ। सरकारले केन्द्रीय अनुसन्धान ब्यूरोका स्तरोन्नति गरी ब्यूरो प्रमुखमा प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी कायम गरेर अनुसन्धानमा थप चुस्त पारिएको छ।

**३४ हजार अभियुक्त पक्राउ**

नेपाल प्रहरीमा आएका ४१ हजार ५३२ मुद्दामध्ये २४ हजार ४८९ मुद्दा फस्र्यौट भएको तथा फौजदारी कसूरमा कूल ३४ हजार ४१४ जना अभियुक्त पक्राउ गरी कानुनी दायरामा ल्याइएको छ। मन्त्रालयका अनुसार पाँच हजार ५४० फरार व्यक्ति पक्राउ गरी फैसला कार्यान्वयमा सघाउ पुऱ्याइएको छ। इन्टरपोलको सहयोगमा विभिन्न मुद्दामा फरार रहेका ८ फरार अपराधीलाई पोर्चुगल, साउदी अरब, बहराइन, कतारलगायतका विभिन्न मुलुकबाट पक्राउ गरी कानुनी दायरामा ल्याइएको। सीमा अपराध नियन्त्रणतर्फ रू एक खर्ब ८२ अर्ब ४६ करोड बराबरको सामान नियन्त्रणमा लिई भन्सारमा बुझाइएको छ।

ट्राफिक व्यवस्थापन तथा कारबाहीतर्फ १७ लाख ३५ हजार १४० सवारी साधनलाई कारबाही गरी रू एक अर्ब २७ करोड ४४ लाख ७९ हजार राजस्व सङ्कलन गरिएको मन्त्रालयले जानकारी दिएको छ।

सशस्त्र प्रहरीको पाठयक्रममा परिमार्जन गरी १३ वटा तालिम पाठ्यक्रम तयार गरिएको छ। सडक दुर्घटना, आगलागी, बाढीपहिरो, हिमपात, हावाहुरी, चटचाङ, हवाई दुर्घटना समेतका विभिन्न एक हजार ४४९ विपद्का घटनाबाट तीन हजार ६६३ जनाको उद्धार गरिएको, गोताखोर तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीबाट ६२ विपद्का घटनामा प्रभावित ९७ जनाको उद्धार गरिएको छ।

**सूचना प्रविधिको प्रयोग बढाउँदै**

सरकारले 'सिटिजन म्यानेजमेन्ट इन्फरमेशन सिष्टम' विकास गरी नागरिकता वितरणसम्बन्धी कार्यलाई ७७ जिल्ला प्रशासन कार्यालय, ७० इलाका प्रशासन कार्यालय, ३ सीमा प्रशासन कार्यालयबाट वितरण हुने गरी विस्तार गरेको छ। सरकारी सेवाको अन्तर आवद्धताको र अन्य निकायले प्रवाह गर्ने सेवाको प्रभावकारिता अभिवृद्धि गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (नागरिक एपको लागि), राहदानी विभाग (राहदानीको लागि), राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग (राष्ट्रिय परिचयपत्र प्रणालीका लागि) 'एप्लिकेशन प्रोग्रामिङ इनटरफेस' (एपिआइ) मार्फत नागरिकतासम्बन्धी विवरणको तथ्याङ्क हेर्ने पहुँचको व्यवस्था मिलाइएको थियो। तर अहिले आन्तरिक राजस्व विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (घटना दर्ता प्रणालीको लागि), कन्सुलर सेवा विभाग, तथ्याङ्क शुद्धिकरण तथा सम्बन्धित

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# असार ३० मा उपसभामुख पदको निर्वाचन

काठमाडौँ, २९ असार (रासस)।

प्रतिनिधिसभाको उपसभामुख पदको निर्वाचन यही असार ३१ गते शुक्रबार अपराह्न ३ बजेका लागि तोकिएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले सो जानकारी दिनुहुँदै प्रतिनिधिसभा नियमावली २०७५ बमोजिम प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीलाई तत्काल उपसभामुखको निर्वाचन कार्यातालिका प्रकाशित गर्न निर्देशन दिनुभएको थियो।

यही असार ३० गते बिहीबार बिहान ११ देखि १ बजेसम्म प्रतिनिधिसभाको कुनै सदस्यलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने कार्यक्रम रहेको सङ्घीय संसद् सचिवालयले जनाएको छ। प्रतिनिधिसभाका सचिवसमक्ष सो प्रस्तावको सूचना दर्ता गर्नुपर्ने छ। सोही दिन अपराह्न १:३० बजे सङ्घीय संसद् भवनको सूचना पाटीमा निर्धारित समयभित्र दर्ता भएको उम्मेदवारीको सूचनाको दर्ता क्रम अनुसारको सूची प्रकाशन गरिने छ। असार ३१ गते शुक्रबार अपराह्न ३ बजे बस्ने प्रतिनिधिसभाको बैठकमा उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामूहिक छलफल हुने र दर्ता क्रमअनुसार निर्णायर्थ प्रस्तुत गर्ने कार्यक्रम छ।

## *गृह प्रशासनमा...*

कार्यालयबाट सहज तथा छिटोछरितो सेवा प्रवाहका लागि सम्बन्धित कार्यालयबाट नै नागरिकताको अभिलेख व्यवस्थापन प्रणालीमा रहेका त्रुटिपूर्ण डाटाको संशोधन गर्न सकिने गरी कार्यालयगत रूपमा रहेका प्रणालीमा थप गरिएको छ।

सूचना प्रविधि पूर्वाधारको स्तरोन्नतिका लागि मन्त्रालयमा आधुनिक उपकरणहरू खरिद कार्य गरी जडान गरिएको र विभिन्न कार्यालयमा नयाँ उपकरण जडान गरिएको छ। केन्द्रिकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली विकास कार्यको सुरुवात गरिएको मन्त्रालयले जनाएको छ।

**विपद व्यवस्थापनमा अन्तरनिकाय समन्वय बढाइयो**

विपद् जोखिम न्यूनीकरण तथा पुनःर्लाभसम्बन्धमा अन्तरनिकायसँग समन्वय गरी कार्य प्रक्रिया अघि बढाइएको छ। कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारको पुनःनिर्माण तथा पुनःस्थापनासम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८ तयार गरिएको छ।

मन्त्रालयका अनुसार तराईका २१ जिल्लाका लागि विपद् खोज तथा उद्धारका सामग्री (डुङ्गा, लाइफज्याकेट डोरीलगायत) खरिद गर्ने जिल्लाका लागि सहजीकरण गरिएको छ। राहत, सूचना व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरी विशिष्ट तथा प्रथम श्रेणीका अङ्गभङ्ग अपाङ्गता भएका, जनआन्दोलनका शहीद परिवार, द्वन्द्वको क्रममा आमाबुबा गुमाएका बालबालिका एवं ऐतिहासिक जनआन्दोलनका घाइतेलाई स्वीकृत मापदण्ड बमोजिम आर्थिक सहायता प्रदान गरिएको छ।

उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड सरकारबाट स्वीकृति गरी कार्यान्वयनमा ल्याइएको छ। पहिलो चरणमा सङ्कटग्रस्त क्षेत्र घोषणा भएका ३३ वटा स्थानीय तहका लागि विपद् उत्थानशीलता कार्यढाँचाको मस्यौदा तयार पारिएको छ। विपद् पश्चातको पुनःनिर्माण र पुनःथापनामा 'अझ राम्रो र बलियो' निर्माण गर्न जोड दिँदै मनसुन र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माणको कार्य आगाडि बढाइएको छ।

सो सम्बन्धमा पुनःनिर्माण व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याइएको र हालसम्म ६ हजार ६७२ जना लाभग्राहीका लागि रु ४१ करोड ९४ लाख ९५ हजार अनुदान रकम सम्बन्धित जिल्लामा पठाइसकिएको छ। प्रहरीलाई गोताखोर तालिम दिएको, मनाङको तालगाउँ, सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची, डडेलधुराको सिगास तथा वैतडीको गन्यापधुरालगायत बाढी, पहिरोग्रस्त क्षेत्रमा भएको क्षतिका सम्बन्धमा प्राविधिक भौगर्भिक अध्ययन गरी सम्बन्धित मन्त्रालयलाई कार्यान्वयनका लागि पत्राचार गरिएको छ।

सशस्त्र प्रहरी बल, नेपालबाट प्रदेशस्तरमा सञ्चालन गरिने गरी ८/८ वटा सुविधासम्पन्न एम्बुलेन्स र सामूहिक विपद् उद्दार एम्बुलेन्स खरिदसम्बन्धी कार्य अन्तिम चरणमा पुगेको जनाइएको छ। बहुप्रकोपीय जोखिम आँकलनका लागि अध्ययन अनुसन्धान अगाडि बढाइएको छ। प्रभावमा आधारित मौसम पूर्वानुमान सम्बन्धी कार्यक्रम पहिलो चरणमा नमूनाको रुमपा अघि बढाइएको तथा स्वयंसेवक ब्यूरो गठन तथा परिचालन कार्यविधि तर्जुमा भईसकेको र सो सम्बन्धी प्रणाली विकास भइरहेको गृहमन्त्रालयले जानकारी दिएको छ।

**अध्यागमन व्यवस्थापनमा प्रविधिको प्रयोग**

अध्यागमन विभागलगायत सबै अध्यागमन कार्यालयहरू ( पशुपतिनगर र हिल्सा बाहेक) बाट 'क्यूआर कोड' सहितका 'सिष्टम जेनेटेटेड भिसा' जारी भएको छ। ई-भिसा लागू गर्ने तयारी अन्तिम चरणमा पुगेको तथा परम्परागत स्टीकरमा आधारित भिसालाई क्युआर कोड सहितका सिष्टम जेनेटेटेड भिसामा परिवर्तन गरिएको र पर्यटक, गैरपर्यटक व्यवसायिकलगायत सबै प्रकार भिसाको आवेदन अनलाइनबाट गर्न सकिने गरी नेपाली पोर्ट प्रणालीको नमूना प्रयोगमा ल्याइएको छ।

भिसा शुल्क सेवाग्राहीले आफू बसेको स्थानको बैंक वा अनलाईनमार्फत भुक्तानी गर्ने र त्यसरी भुक्तानी गरिएको रकम महालेखा नियन्त्रकको कार्यालयले तोकेको राजश्व खातामा आउने गरी प्रबन्ध मिलाउन आवश्यक तयारी भइरहेको छ। अध्यागमन ऐन २०४९ ले अध्यागमन विभागलाई प्रदान गरेको जिम्मेवारी मध्येको नेपाली नागरिकहरूको प्रस्थानलाई व्यवस्थित गर्ने सन्दर्भमा भिजिटलगायत पर्यटक भिसामा हुने गरेको नेपालीको प्रस्थानलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरी स्वीकृतीका लागि गृह मन्त्रालयमा पेश गरिएको छ।

विदेशी नागरिक अनुगमनका लागि नेपाली पोर्टको नयाँ मोडल विकास भएको र सो मोडललाई आन्तरिक हवाई उडान कम्पनीहरू, होटल एशोसियसन लगायतका सरोकारबालाहरूले प्रयोग गर्ने सूचना प्रणालीसँग आवद्ध गर्ने कार्य भइरहेको छ।

प्रस्तावित नयाँ अध्यामगन ऐनसँग अनुकुल हुने गरी अध्यामगन नियमावली २०७८ तथा अध्यागमन कार्यविधि २०७८ को मस्यौदा तयार पारिएको छ।

**कारागार व्यवस्थापनतर्फ**

सरकारले नुवाकोट, बाँके, मोरङ र पाँचथरमा निर्माणाधीन केन्द्रीय कारागार भवन निर्माण कार्यअन्तरगत दोश्रो चरणको अधिकांश भवनको संरचनागत कार्य सम्पन्न भई अन्तिम फिनिसिङको कार्य चलिरहेको जनाएको छ।

आगामी आर्थिक वर्षमा केन्द्रीय कारागार नुवाकोटको तेश्रो चरण, क्षेत्रीय कारागार बाँके नेपालगन्जको दोश्रो चरण र भोजपुर, हुम्ला, मुगु, बझाङ, उदयपुर, रोल्पा, जाजरकोट, सुर्खेत गरी थप ८ वटा कारागार भवन निर्माणका लागि पूर्वतयारीअन्तर्गतका सम्पूर्ण कार्य सम्पन्न हुनेगरी आवश्यक बजेट विनियोजन भएको छ। खुला कारागार नियमावली, कारागार नियमावली, कारागारमा रहेका कैदीबन्दीहरूलाई कामदारी सुविधा दिने सम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा गरी स्वीकृतिको प्रक्रियामा रहेको छ। आगामी वर्षदेखि कैदीबन्दीहरूको बीमा कार्यक्रम लागू गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन**

गृहमन्त्रालयले चालु आर्थिक वर्षमा ४४ लाख ३० हजार ६१५ नागरिकको वैयक्तिक तथा जैविक विवरण सङ्कलन गरी हालसम्म ७४ लाख ८० हजार ८२४ नागरिकको विवरण सङ्कलन गरी राष्ट्रिय परिचयपत्र प्रणालीमा प्रविष्ट गरिएको छ। मन्त्रालयका अनुसार थप २० वटा जिल्लाका १८० स्थानीय तहमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सम्पन्न भई हालसम्म ३३ जिल्लाका ३६६ स्थानीय तहमा अभियान सम्पन्न भएको र हाल १३ वटा जिल्लामा अभियान सञ्चालनमा रहेको छ।

कुल ४० लाख चिप्ससहितको राष्ट्रिय परिचयपत्र स्मार्ट कार्ड प्राप्त गरी आवश्यक छपाई कार्य शुभारम्भ गरिएको छ। राजधानीमा बसोबास गर्ने देशैभरका नागरिकलाई राष्ट्रिय परिचयपत्र विवरण दर्ता आवेदन गर्न उपत्यका मै व्यवस्थापन गरी सेवा प्रवाह सहजिकरण गरिएको छ।

चालु आर्थिक वर्षमा एक हजार ९३ वडा गरी जम्मा छ हजार १३९ वडामा व्यक्तिगत घटना दर्ता विद्युतीय माध्यमबाट गर्ने प्रणाली विस्तार गरिएको र हालसम्म ३५ लाख ७२ हजार ३२ जनाको व्यक्तिगत घटना दर्ता सम्पन्न गरिएको छ। सरकराले चालु आवमा १९९ स्थानीय तह थप गरी कुल ७३८ स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण गर्ने सम्झौता गरी कार्यान्वनयमा ल्याइएको छ।

त्यस्तै कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १३ मा भएको व्यवस्थाको अधिनमा रही नेपाल सरकारको निर्णयानुसार कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना भएको भएको छ।

सम्पत्ति शुद्धीकरण मुद्धामा जफत हुने ठहरिएको प्रतिवादीका नाममा विभिन्न बैङ्क तथा वित्तीय संस्थामा रहेको बैङ्क मौज्दात र बढे, बढाएको व्याजसमेत गरी रु दुई करोड २८ लाख ऐनको दफा २२ बमोजिमको कोषमा जम्मा गर्ने निर्णय भइसकेको छ।

प्रदेश राजधानी भएका जिल्लामा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाईको स्थापना भएको अन्य जिल्लको प्रशासन कार्यालयमा कसूरजन्य सम्पति व्यवस्थापन इकाईको सम्पर्क विन्दु तोकी कार्य अघि बढाइएको छ। कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि तथा मापदण्ड तयार भई स्वीकृतिको चरणमा रहेको गृह मन्त्रालयले जनाएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## श्रीलङ्काका राष्ट्रपति माल्दिभ्समा, प्रधानमन्त्री कार्यबाहक राष्ट्रपति

कोलम्बो (श्रीलङ्का), २९ असार (रासस/सिन्ह्वा)।

श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापक्ष बुधबार माल्दिभ्सको भेलाना अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गर्नुभएको छ।

माल्दिभियाली सञ्चारमाध्यमलाई उद्धृत गर्दै राष्ट्रपति गोटाबाया राजापक्ष आफ्नी पत्नी र एक अंगरक्षकसँग एन्टोनोभ-३२ सैन्य विमानमा माल्दिभ्स जानुभएको प्रधानमन्त्रीको कार्यालय स्रोतलाई उद्धृत गरी स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

राजपाक्षले सोमबार आफ्नो राजीनामा पत्रमा हस्ताक्षर गर्नुभएको र उक्त राजिनामा पत्र सभामुखलाई बुझाइने र राष्ट्रपतिको राजिनामाको औपचारिक घोषणा संसदबाट गरिने कार्यक्रम रहेको प्रधानमन्त्रीको कार्यालयका एक अधिकारीले बताए।

यसैबीच श्रीलङ्काका प्रधानमन्त्री रानिल विक्रमसिङ्घेले बुधबार आपत्कालीन अवस्थाको घोषणा गर्नुभएको छ।

माल्दिभ्समा राष्ट्रपति गोटाबाया राजपाक्ष गएको खबरपछि सम्भावित हिंसात्मक गतिविधिलाई मध्यनजर गर्दै देशको पश्चिमी प्रान्तमा कर्फ्यु लगाइएको छ।

प्रधानमन्त्री विक्रेमेसिङ्घेको निवासबाहिर तैनाथ सुरक्षाकर्मीहरुले अश्रु ग्यास प्रयोग गरी प्रदर्शनकारीलाई तितरवितर पारेको समाचारमा जनाइएको छ। विकमामसिङ्घेले दङ्गा मच्चाउनेलाई गिरफ्तार गर्ने ठाडो आदेश पनि दिनुभएको श्रीलङ्काको डेली मिरर पत्रिकाले जनाएको छ।

श्रीलङ्काको विदेश मन्त्रालयका एक पूर्वसल्लाहाकारले भन्नुभयो, "हामी प्रधानमन्त्रीको पनि राजीनामा चाहन्छौं किनकि राष्ट्रपतिले राजीनामा दिएमा हाम्रो संविधानअनुसार प्रधानमन्त्री कार्यवाहक राष्ट्रपति बन्ने छन्। नागरिकले उनीहरू दुवै असफल भएको देखिसकेका छन्। उनीहरू दुबै पदच्युत हुनुको विकल्प छैन।"

## कोरोना सङ्क्रमण : भारतमा र दक्षिण कोरियामा बढ्दै

नयाँदिल्ली, २९ असार (रासस/एएनआई/सिन्ह्वा)।

भारतमा र दक्षिण कोरियामा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दो क्रममा रहेको छ। भारतमा मङ्गलबारको तुलनामा तीन हजार २९१ सङ्क्रमित बढेको पुष्टि भएको हो। बितेका २४ घण्टामा १६ हजार नौसय ६ जना सङ्क्रमित फेला परेका छन्।

हाल भारतमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३६ लाखभन्दा बढी पुगेका समाचारमा जनाइएको छ। यहाँ एक लाख ३२ हजार ४५७ सक्रिय सङ्क्रमित रहेका छन्। यो कुल सङ्क्रमितको ०.३० प्रतिशत हो। करिब चार महिनापछि १३ दिनयता सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी भएको छ।

पछिल्लो एक दिनमा १५ हजार ४४७ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड ३० लाख ११ हजार ७४७ पुगेको छ। कोरोना भाइरस निको हुने यो दर ९८.४९ प्रतिशत रहेको छ।

बितेका २४ घण्टामा कोरोना सङ्क्रमणबाट ४५ को मृत्यु भएको छ। कोरोना महामारीका कारण पाँच लाख २५ हजार ५१९ जनाको मृत्यु भएको छ। मङ्गलबार चार लाख ५९ हजार ३०२ कोरोना परीक्षण गरिएको थियो। यस महामारी शुरु भएयता हालसम्म ८६ करोड ७७ लाखभन्दा बढीको कोरोना परीक्षण भएको छ।

भारतमा सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। हालसम्म कोरोनाविरुद्ध एक अर्ब ९९ करोड १२ लाख ७९ हजार १० मात्रा खोप लगाइएको छ।

यसैबीच दक्षिण कोरियामा मङ्गलबार ४० हजार २६६ जना कोरियाको नयाँ सङ्क्रमित भेटिएका स्वास्थ्य अधिकारीहरुले बुधबार जानकारी दिएका छन्। योसँगै दक्षिण कोरियामा एक करोड ८६ लाख दुई हजार १०९ पुगेको स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ।

अघिल्लो दिनको तुलनामा बुधबार दुई हजार ९०६ जना बढेको जनाइएको छ। कोरोना सङ्क्रमणबाट हिजो बाह्रको मृत्यु भएको थियो। कोरोनाका कारण हालसम्म २४ हजार ६८० जनाको मृत्यु भइसकेको छ।

## अज्ञात रोगले बीस बालबालिकाको मृत्यु

लश्कर गाह, २९ असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी हेलमान्ड प्रान्तमा अज्ञात रोगको प्रकोपले २० जना बालबालिकाको मृत्यु भएको छ।

बितेका दुई दिनमा बाघरान जिल्लामा ती बालबालिकाको मृत्यु भएको सूचना एवम् संस्कृतिसम्बन्धी प्रान्तीय निर्देशक हाफिज रशिदले बताए। दूषित पानीका कारण उनीहरूको ज्यान गएको उनको अनुमान छ।

बालबालिकासहित केही प्रभावितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेकोछ। अधिकारीले बताए। अफगानिस्तानको सुदूर क्षेत्रहरूमा स्वास्थ्य केन्द्र र स्वच्छ पिउने पानीमा पहुँच नहुँदा त्यहाँका स्थानीय रोग र मृत्युको जोखिमबाट मुक्त हुन सकेका छैनन्।

# नागरिकता विधेयक अघि बढ्यो

काठमाडौं, २९ असार (रासस)।
सरकारले ल्याएको नागरिकता ऐन संशोधनसम्बन्धी विधेयक प्रतिनिधिसभाबाट अगाडि बढेको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा गृहमन्त्री बालकृष्ण खाणले 'नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९' पेस गर्नुभएको हो।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसद डा भीमबहादुर रावल, शेरबहादुर तामाङ र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले दर्ता गराउनुभएको विरोधको सूचनालाई प्रतिनिधिसभाको बहुमतले अस्वीकृत गरेपछि मन्त्री खाणले नागरिकता ऐन संशोधन विधेयक पेस गर्नुभएको हो।

विधेयकको विरोध गर्नुपर्ने कारणबारे बोल्दै सांसद रावलले राज्य व्यवस्था समितिले तीन वर्ष छलफल गरेर प्रतिवेदन पेस गरिसकेको अवस्थामा उक्त विधेयक फिर्ता लिएर अर्को नयाँ विधेयक ल्याइनु समितिकै अवहेलना भएको दाबी गर्नुभयो।

अर्का सांसद तामाङले लैङ्गिक पहिचानसहित आमा वा बाबुका नामबाट नागरिकता प्राप्त गर्ने मर्म विपरीत विधेयक आएको भन्दै असहमति जनाउनुभयो।

उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधमाथि सङ्क्षिप्त प्रतिक्रिया दिँदै गृहमन्त्री खाणले संविधानको प्रावधानबमोजिम नागरिकताविहीन नागरिकलाई नागरिकता सुनिश्चित गर्ने उद्देश्यले विधेयक ल्याइएको बताउनुभयो।

उहाँले पछिल्लो पटक नागरिकता विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा लामो छलफलपछि प्रतिवेदनसहित आएको र उक्त विधेकलाई अघि बढाउने तथा कानुन बनाएर सहमतिबाट पारित गर्ने वातावरण बनाउन प्रयत्न गरिए पनि त्यो नभएपछि विधेयक फिर्ता भएको स्पष्ट पार्नुभयो।

गृहमन्त्री खाणले नेपाली नागरिकता नपाएर नै असहज जीवन जिउन बाध्य भएका नागरिकलाई संविधानको प्रावधानबमोजिम नागरिकता प्रदान गर्न सरकारले विधेयक अघि बढाएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "संविधानको मूल प्रावधानअनुरुप नै बाबुआमा नेपाली नागरिक भए पनि सन्तानलाई नागरिकता दिन सकिएन, त्यो सङ्ख्या लाखौं रहेको छ, जसले उनीहरूको शिक्षा, दीक्षा र व्यवसायमा असर परिरहेको छ, त्यसैले विधेयकलाई चाँडो पारित गरेर कानुन बनाएर कार्यान्वयनमा लैजाने वातावरण बनाउन सहयोग गर्न आग्रह गर्दछु।"

मन्त्री खाणले विधेयकलाई अगाडि बढाइसकेपछि दफाबार छलफल हुने भएकाले यसलाई परिस्कृत विधेयकका रूपमा अघि बढाइने विश्वास व्यक्त गर्नुभयो।

# सामुदायिक विद्यालयमा एक महिना बिदा

जनकपुरधाम, २९ असार (रासस)।
जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका सामुदायिक विद्यालयमा बुधबारदेखि एक महिना बिदा दिइएको छ।

उपमहानगरपालिकाको शिक्षा शाखा प्रमुख मेहीलाल यादवले सूचना जारी गर्नुहुँदै उपमहानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा बुधबारदेखि साउन २६ गतेसम्म वर्षे बिदा दिइएको जानकारी दिनुभएको छ। विद्यालयमा एक शैक्षिक सत्रमा हिउँदे बिदा र वर्षे बिदा दुवै गरी ४५ दिन पठन-पाठन बन्द रहने व्यवस्था भएअनुसार उपमहानगरपालिका क्षेत्रका सामुदायिक विद्यालयमा पालिकाको शैक्षिक क्यालेण्डरबमोजिम वर्षे बिदा दिइएको प्रमुख यादवले बताउनुभयो।

विद्यालयमा पठनपाठन बन्द हुँदा पनि शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखा सानोठिमी भक्तपुरको पत्रअनुसार सबै विद्यालयका प्रधानाध्यापकलाई वर्षे बिदाभरि उपमहानगरपालिकाको सम्पर्कमा रहन भनिएको प्रमुख यादवद्वारा जारी सूचनामा उल्लेख छ।

### *ऐतिहासिक ...*

उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्। यस्तै मिश्रले अफ लाईन र अनलाईन पढ्न सकिने करिब १० हजार पुस्तक थप सहयोग स्वरुप उपलब्ध गराउने प्रतिबद्धता जनाएको गुप्ताले जानकारी दिएका छन्।

उनका अनुसार साहित्य प्रेमी योगिस खरेल, विमल न्यौपाने, संजिव उपाध्याय लगायतका दर्जनौ व्यक्तिले पुस्तकालयलाई पुर्नजीवन दिने अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

समाजिक सञ्जालमार्फत अभियान चलाएको बताउने गुप्ताले पढ्ने बानीमा ह्रास आईरहेकोले पठन संस्कृतिको विकासका लागी पनि यो अभियान चलाएका बताए। अभियानमा सघाउने र सहयोग गर्नेहरुको संख्या दिनानुदिन बढ्दै गए पनि राजविराज नगरपालिकाले खासै चासो नदेखाएको उनको भनाई छ।

राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र प्रसाद यादवले ऐतिहासिक लेखनाथ आदर्श पुस्तकालयलाई पुर्नजीवन दिन नगरपालिका गम्भिर रहेको बताए। उनले पुस्तकालयको जीर्ण भवन भत्काएर व्यापारिक कम्प्लेक्स बनाइए पनि पहिलो तल्लामा सुविधा सम्पन्न लेखनाथ आदर्श पुस्तकालय बनाई यसलाई नयाँ स्वरुपमा ल्याउने योजना बनाएका जानकारी दिए। उनले लेखनाथ पुस्तकालयलाई अत्याधुनिक पुस्तकालय बनाई प्रयोगमा ल्याउन मधेश प्रदेश सरकार सँग पनि सहयोगका लागी आवश्यक पहल थालिएको बताए।

### *राजविराज नगरपालिका ...*

सम्मको प्रोत्साहन भत्ता रुवरुप १ सय ३ जनाले पाउनु पर्ने २४ लाख ७२ हजार रकम पाउन नसेकेको गुनासो गरेकी छिन्।

स्वाथ्य शाखा प्रमुख निरन्जन प्रसाद यादवले महिला स्वयसेविकाहरुले पाउने प्रोत्साहन रुवरुपको भत्ता यस वर्ष कहाँ र कसरी छुट्यो भन्ने बारे आफूलाई थाहा नभएको जानकारी दिए। उनले यस सम्बन्धमा प्रशासकीय अधिकृतले नै जवाफ दिनुपर्ने बताए।

प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र प्रसाद यादवले अघिल्लो कार्यपालिका र सम्बन्धित फाँटका कर्मचारीले उक्त शिर्षकमा बजेट नै विनियोजन नगरे पछि समस्या भएको बताए। उनले बजेटमा राख्न छुटेको स्विकार गरे।

उनले कुनै शिर्षकबाट सम्भव भए आर्थिक वर्ष २०७८/७९ मै प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रयास गर्ने जानकारी दिँदै त्यसमा सम्भव नभए आ.व. २०७९/८० मा छुटेको भत्ता उपलब्ध गराउने प्रतिबद्धता जनाए।

यसअघि गत आ.ब.२०७७/०७८ मा आयोजित भिटामिन "ए" कार्यक्रममा खटिए बापत जनही १ हजार ६ सयका दरले पाउनु पर्ने भत्ता समेत आफुहरुले पाउन नसकेको महिला स्वयसेविकाहरुले जानकारी दिएकी छिन्।


## सूचना। सूचना॥ सूचना॥।

मिति : २०७९/०३/२९

ग्लोबल बहुमुखी सहकारी संस्था लि. राजविराजको मोटरसाइकल प्रदेश-२-०३-००९प.६१९७ नं. को हरियो रंगको ज्ब्ब गाडीमा झुण्डिएको रातो कलरको झोला भित्र रहेको राष्ट्रिय परिचयपत्रको कागजात, रातो महत्वपूर्ण डायरी, के.के मोटर्स पार्टर्स एण्ड सप्लायर्सको कागजातहरु हराएका छन्। मिति २०७९/३/२८ गते डिभिजन वन कार्यालयको पूर्वपट्टी पार्किङ गरिएको गाडीबाट दिउँसो १ बजे उक्त कागजातहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी, संस्था वा मोबाइल नं. ९८५२८२१०३७ मा सम्पर्क गरिदिन हुन अनुरोध छ। सहयोगिलाई उचित पुरस्कारसहित सम्मान प्रदान गरिने छ।
धन्यवाद

निवर्तमान अध्यक्ष
सुखराम यादव
ग्लोबल बहुमुखी सहकारी संस्था लि. राजविराज

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस्। हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*